**निर्णय नं १ :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ मा व्यवस्था भए वमोजिम यस बेसीशहर नगरपालिकाको चौथो नगरसभा मिति २०७५ फागुन १६ गते बिहीबार र नगरसभाको तयारीको लागि कार्यपालिकाको बैठक मिति २०७५ फागनु १० गतेका दिन बस्ने निर्णय गरियो ।

**निर्णय नं २ :**

गत आवको अ.ल्या रकमबाट एक घर एक धारा कार्यक्रमको लागि विनियोजित रु ५० लाख मध्येबाट देहायका खानेपानी योजनाहरु छनौट गरी सञ्चालन गर्ने निर्णय गरियो ।

**देहाय :**

| क्र सं | योजनाको नाम | ठेगाना | ल.इ | स्वीकृत बजेट |
|---|---|---|---|---|
| १. | ढाँडगाउँ खानेपानी आयोजना | बेनपा १ | ४५०४९८ | ४०५००० |
| २. | उत्तरे खानेपानी आयोजना | बेनपा ३ | ३७७१४८ | ३४०००० |
| ३. | मिलन टोल खानेपानी आयोजना | बेनपा ३ | २१३५६५ | १९१००० |
| ४. | पुरानकोट डाँडा गाउ खानेपानी | बेनपा ४ | ६०७६७ | ५५००० |
| ५. | घडेरी डाँडा दलितबस्ती खानेपानी | बेनपा ५ | ४४५००० | ४००००० |
| ६. | मैयुम वस्ती खानेपानी आयोजना | बेनपा ७ | १२३३९३ | ११०००० |
| ७. | वाँभ्रुखेत दलित वस्ती खानेपानी आयोजना | बेनपा १० | ५००००० | ४५०००० |
| ८. | बालरत्न प्रा.वि.खानेपानी | बेनपा ७ | ९९२०९ | ९०००० |
| ९. | धिताल गाउ ठूलो पँधेरो खानेपानी | बेनपा २ | २००००० | १८०००० |
| १०. | अम्बोटे खोला खानेपानी आयोजना | बेनपा ७ | २३००९७ | २०७००० |
| ११. | गैरीस्वाँरा खानेपानी आयोजना | बेनपा ९ | २५०००० | २२५००० |
| १२. | कोलबाटो डहरेगाउँ दलितबस्ती खानेपानी योजना | बेनपा २ | ६४१९०५ | ५७८००० |
| | **जम्मा** | | **३५९१५८२** | **३२३१०००** |

**निर्णय नं ३ :**

निम्न खानोपानी योजनाहरुको लइ प्राप्त भए पछि रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र सं | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १. | विम्दाबेसी खानेपानी आयोजना, विम्दागांउ समेत | बेनपा ९ |
| २. | हटिया दलित वस्ती खानेपानी आयोजना | बेनपा ११ |
| ३. | तिलाहार दलित वस्ती खानेपानी | बेनपा ११ |
| ४. | सिम्पानी भकुण्डे दलित वस्ती खानेपानी आयोजना | बेनपा ११ |
| ५. | गाउँ भाचोक दलित वस्ती खानेपानी आयोजना | बेनपा १० |
| ६. | चिउरीबोटे खानेपानी स्वाँरोमा | बेनपा ११ |

**निर्णय नं ४ :**

गत नगरसभाबाट पारित चालु आवको योजना तथा कार्यक्रम अन्तर्गत खेलकुँदतर्फ सहजी खेलमैदान समेतको लागि समानीकरण अनुदानबाट विनियोजित बजेट रु १५ लाख सहजी खेल मैदान सुधार विस्तारको लागि आवश्यक पर्ने जग्गा खरीद कार्यमा खर्च गर्ने साथै उक्त रकमलाई आन्तरिक आयबाट व्यहोर्ने गरी आन्तरिक आय तर्फका निम्न योजनाहरुलाई समानीकरणतर्फ लैजाने निर्णय गरियो ।

**निम्न :**

| | | |
|---|---|---|
| १.फूलबारी खुला मञ्च मैदान व्यवस्थापन | बेसीशहर ८ | रु ९०००००।- |
| २.कुप्लिङ बहुउद्देश्यीय सामुदायिक भवन निर्माण | बेसीशहर १० | रु ३०००००।- |
| ३.बेसीशहर बजार क्षेत्र ढल निकास अध्ययन | बेसीशहर ७, ८ र ९ | रु ३०००००।- |

**निर्णय नं ५ :**

चालु आवको लागि स्वीकृत निम्न योजना तथा कार्यक्रमहरुलाई देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं | साविक योजनाको नाम | विनियोजित रकम | संशोधित योजनाको नाम | संशोधित रकम |
|---|---|---|---|---|
| १. | लमजुङ दरबारबाट पुरानकोट गढी सम्मको पर्यटन प्रवर्द्धन कार्यक्रम बेसीशहर ३ | ५००००० | बेस्सारे पुरानकोट गढी सडक निर्माण (ट्र्याक खोल्ने) बेसीशहर ३ | ५००००० |
| २. | उजेली खोला हुँदै डाँडागाउँ कलिका मन्दिर जाने बाटो वडा नं १ | १००००० | बरपानी काम्लेक्यु नयाँ ट्र्याक खोल्ने | १००००० |
| ३. | कर्मदा प्रावि शौचालय निर्माण वडा नं १ | १००००० | चिप्लेटी पौडेल गाउँ नयाँ ट्र्याक निर्माण | १००००० |
| ४. | डाँडागाउँ खानेपानी योजना वडा नं २ | २००००० | लप्सीबोटदेखि कोलडाँडासम्म मोटरबाटो स्तरोन्नति वडा नं २ | २००००० |
| ५. | डुँडेखोला सिंचाई योजना वडा नं ९ | ७५६००० -नपा<br>७००००० वडा | १.धुरपुरे दिहीथोक सडक स्तरोन्नति<br>२. ९ नं वडा कार्यालय पहुँच मार्ग निर्माण | ८०००००<br>६५६००० |
| ६. | ह्याल्मो समाज भवन निर्माण वडा नं ८ | १००००० | ह्याल्मो समाज भवन सिंढी निर्माण | १००००० |
| ७. | प्रगतिटोल डिलदेखि मर्स्याङ्दी पुल सडक निर्माण | ५००००० | प्रगतिटोल डिलदेखि मर्स्याङ्दी पुल ग्याविन जाली भर्ने | ५००००० |

**निर्णय नं ६ :**

चालु आवको लागि सडक कालोपत्रे लागत साझेदारीतर्फ विनियोजित बजेटबाट देहायका योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो। लागत साझेदारीतर्फ बाँकी रहन गएको बजेटबाट विभिन्न योजनाहरुको डिपिआर निर्माण गर्ने निर्णय गरियो।

| क्र.सं | योजनाको नाम | ठेगाना | कुल लइ | विनियोजत बजेट |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ मार्ग सडक ढलान | बेसीशहर ७ | १४९५९५४ | ८९७५७२ |
| २ | हाइस्कुलचोक देखि रिडरोड नाली निर्माण समेत (संशोधित) | बेसीशहर ७ | १२५८२६६ | ७५४९५९ |
| ३ | जिल्ला अदालत चोकदेखि अगाडिको सडक निर्माण ( मेसिनरी वाल) | बेसीशहर ८ | २४४९४३ | १४६९६६ |

**निर्णय नं ७ :**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत गाउँ/नगर बस्तुस्थिति तयारी कार्यविधि २०७५ वमोजिम बेसीशहर नगरपालिकाको बस्तुगत विवरण तयार गर्नको लागि निश्चित मापदण्ड बनाई बढीमा २० जनासम्म विवरण संकलकहरु छनौट गरी विवरण संकलन कार्यमा खटाउने निर्णय गरियो।

**निर्णय नं ८ :**

चालु आवको शिक्षा क्षेत्र अन्तर्गत विद्यालय कम्पाउण्डिङमा विनियोजित रमक रु ६ लाखबाट देहायका योजनाहरु छनौट गर्ने निर्णय गरियो।

देहाय :

| क्र.सं | योजनाको नाम | ठेगाना | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | जन विकास मावि बेसीशहर कम्पाण्डिङ | बेसीशहर ७ | ३००००० | |
| २. | बालविकास आ वि कम्पाण्डिङ गेट निर्माण | बेसीशहर ११ | ७५००० | |
| ३. | बालकल्याण मावि कम्पाडिङ गेट निर्माण | बेसीशहर २ | ७५००० | |
| ४. | चन्द्रज्यार्ती आ वि कम्पाण्डिङ | बेसीशहर ९ | १५०००० | |

**निर्णय नं ९ :**

बेसीशहर नगरपालिकाको हालै तयार भएको पर्यटन र शिक्षातर्फका रणनीतिक योजनाहरुलाई अध्ययन गरी अन्तिम रुप दिने कार्यको लागि निम्नानुसराको विज्ञ समिति गठन गर्ने निर्णय गरियो।

निम्न

१. प्रेम भट्टराई आरसिडिसी

२. बेन बहादुर सुयँल बेसीशहर ८

३. रामकुमार श्रेष्ठ बेसीशहर ८

४. दूध प्रसाद घले बेसीशहर नगरपालिका

५. निमानन्द रिजाल लमजुङ गैरी क्याम्पस

**निर्णय नं १० :**

गत आव २०७४।०७५ को अन्तमा बाँकी रहेको युरोपियन युनियनतर्फको रकम रु ७११२४२ (सात लाख एघार हजार दुई सय बयालिस मात्र) नगरपालिकाको एकमुष्ठ अल्या रकममा पर्न गएको हुँदा उक्त रकम अल्या अन्तर्गत विनियोजित नयाँ कार्यालय भवनको लागि आन्तरिक व्यवस्थापन शिर्षकबाट झिकी सो बजेटबाट युरोपियन युनियनतर्फ नै सम्पन्न गर्न बाँकी रहेका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ :**

लक्षिततर्फका योजना तथा कार्यक्रमहरु तर्जुमा, सञ्चालन, अनुगमन तथा समन्वय  र सहकार्यको लागि निम्नानुसारका कार्यविधिहरु आवश्यक परेको हुँदा कार्यालयले उक्त कार्यविधिको मस्यौदा तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

१.महिला नगर समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि
२.दलित नगर समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि
३.अपांग नगर समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि
४.आदिबासी जनजाति नगर समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि

**निर्णय नं १२ :**

हालसम्म बेसीशहर स्थित राष्ट्रिय बाणिज्य बैंकबाट बेसीशहर नगरपालिकाको बैंक खाता सञ्चालन हुँदै आएको तर सेवाग्राहीको चापको कारण सो बैंकबाट बेसीशहरबासीले प्रभावकारीरुपमा छिटो छरितो सेवा प्राप्त गर्न सकेको नदेखिएको हुँदा बेसीशहर बजार क्षेत्रमा रहेका एनआइसि एसिया वा सिभिल बैंकमा खाता खोल्नको लागि उक्त बैंकहरुले आवश्यक पहल गर्नको लागि जानकारी गराउने र राष्टबैंकसंग अनुमतिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १३ :**

बेसीशहर नगरपालिका अन्तर्गत स्वास्थ्यतर्फका कर्मचारीको २०७४ कार्तिक महिनाको संचय कोष, नागरिक लगानी कोष विमा तथा बचतमा रकम दाखिला गर्न छुट भएको हुँदा उक्त रकम केन्द्रमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ :**

बेसीशहर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र संम्वन्धी कार्यविधि २०७४ वमोजिम निवेदन पर्न आएका निम्न निर्माण व्यावसायीलाई निजहरुले पेश गरेको काजजातको आधारमा घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**निम्न :**

१. पुरानोकोट जलदेवी कन्ट्रक्सन प्रालि बेसीशहर नगरपालिका ४
२. आर.बि.निर्माण सेवा एण्ड सप्लायर्स बेसीशहर ८
३. थिङ कन्ट्रक्सन बेसीशहर ७

**निर्णय नं १५ :**

ग्रामीण पर्यटन प्रवर्द्धन कार्यक्रम (होमस्टे) को लागि गण्डकी प्रदेश सरकारबाट प्रस्ताव आह्वान भए अनुसार बेसीशहर नगरपालिका क्षेत्र भित्रका ५ वटा ग्रामीण पर्यटन समितिहरुले प्रदेश सरकारसंग प्रस्तावना पेश गरेको पाइएकोले उक्त कार्यक्रमको लागि प्रदेश सरकारबाट स्वीकृत हुने रकमको १० प्रतिशत नगरपालिकाले

व्यहोर्ने निर्णय गरियो । सो रकम ग्रामीण पर्यटकीय गाउँमा पर्यटन प्रर्वद्धन कार्यक्रम लागत साझेदारी शिर्षकमा विनियोजित बजेटबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं १६ :**

बेसीशहर नगरपालिका स्थापना हुनुभन्दा अघि निर्माण गरिएका तथा स्थापना पश्चात नगरपालिकाबाट घर निर्माण स्वीकृत नलिई बनेका घरहरुको घर अभिलेखीकरणका लागि सम्बन्धित वडाको वडाध्यक्षको सिफरिश समेतको आधारमा अभिलेखीकरण गर्ने गरी सो कार्यको म्याद २०७५ माघ २० देखि २०७६ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १७ :**

बेसीशहर नगरपालिका वडा नं १० स्थित पासाचौर  खेलकुँद मैदान निर्माणको लागि अल्यातर्फको फुटकर योजना शिर्षकबाट रु ३०००००।- (तीन लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १८ :**

बेसीशहर नगरपालिका वडा नं ३ स्थित राक्सेस्थान शहरी स्वस्थ्य केन्द्रमा बर्थिङ सेन्टर स्थापनाका लागि सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १९ :**

बेसीशहर ७ जनविकास मावि चण्डीडाँडाको खानेपानी मर्मत निर्माणका निमित्त रु २०००००। (दुई लाख) शिक्षा तर्फको विद्यालय खानेपानी सहयोग शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**बेसीशहर नगरपालिका,**
**लमजुङ**

**२०७५ माघ २६ गते बस्ने कार्यपालिका बैठकका ऐजण्डाहरु/विषयहरु**

१. बैठकको लागि ऐजेण्डा सहित पत्राचार खबर गर्ने
२. चौथो नगरसभाको मिति तोक्ने : प्रस्तावित मिति : २०७५ फागुन १५ गते समय : स्थान :
३. कार्यपालिकाको नगरसभा तयारी बैठकको मिति तय गर्ने : प्रस्तावित २०७५ फागुन ११ गते
४. एक घर एक धाराको लागि खानेपानी योजना छनौट गर्ने प्रस्तावित (योजनाको सूची तयार गर्ने)
५. सहजी खेल मैदानको लागि समानीकरण अनुदानबाटबाट विनियोजित रकम रु १५ लाख लाई आन्तरिक श्रोत तर्फका योजनामा समावेश गर्ने ।
६. अन्य योजनाहरुको रकमान्तर, योजनान्तर तथा बजेट थप गर्ने । तिलानदी ओख्लेफाँट सडक रकम थप काउलेपानी , काउलेपानी पर्यटन अध्ययनको रकमबाट पर्यटकीय सडक निर्माण
७. सडक कालोपत्रे लागत साझेदारी तर्फका योजना छनौट गर्ने । बुनु रिमाल ....
८. नगरबस्तुस्थिति विवरण (प्रोफाइल) को लागि गणकहरुको छनौट गर्ने
९. युरोपियन युनियनको रकम लाई अल्याबाट अलग गर्ने ।
१०. नगरपालिकाको खाताहरु अन्य बैंकमा खोल्न सकिने सम्बन्धमा राष्ट्र बैंकको अनुमति सम्बन्धमा
११. विद्यालयको खानेपानी, शौचालय, फर्निचर तथा कम्पाण्डिङ तर्फको योजना छनौट सम्बन्धमा ।
१२. पर्यटन र शिक्षाको रणनीतिक योजनाहरु अध्ययन गरी अन्तिम रुप दिनको लागि समिति विज्ञ समिति गठन गर्ने सम्बन्धमा (प्रेम भट्टराई, बेन बहादुर सुयँल, रामकुमार श्रेष्ठ, दूध प्रसाद घले, निमानन्द रिजाल)
१३. लक्षित वर्गको नगर समन्वय समिति (सञ्जाल) गठन सम्बन्धमा । (महिला, दलित, जेष्ठ नागरिक, अपांगता भएका, आदिबासी जनजाति, बालबालिका)
१४. स्वास्थ्यका कर्मचारीको २०७४ कार्तिक महिनाको संचय कोष, नागरिक लगानी कोष विमा तथा बचतमा रकम दाखिला नभएको बारे ।
१५. घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र
१६. घर अभिलेखीकरण
१७. विविध....

**आदरणीय सर/मेडम**

बेसीशहर नगर कार्यपालिकाको बैठक निम्न ऐजेण्डाहरुमा छलफल गरी निर्णय गर्नु पर्ने भएकोले उपस्थितिको लागि अनुरोध गर्दछु ।

मिति : २०७५ माघ २६ गते

समय : दिनको १२.३० बजे

स्थान : होटल, टुकुचे ।

ऐजेण्डाहरु : १.चौथो नगरसभा तोक्ने, २.योजना छनौट, संशोधन, रकमान्तर, ३.प्रोफाइल निर्माण ४. विविध ।

## चौथो नगरसभाका ऐजेण्डाहरु

१. आ.व. २०७५।०७६ को आय व्यय सम्बन्धमा ।

२. निर्णय अनुमोदन सम्बन्धमा । अल्यातर्फका योजना तथा कन्टिन्जेन्सीतर्फका योजनाहरु समेत

३. ऐन, नियम, कार्यविधि, निर्देशिका बारे । पर्यटन योजना तथा शिक्षा रणनीतिक योजना, लक्षित कायविधि, विपन्न नागरिक उपचार सिफारिश निर्देशिका, राजश्व सुधार योजना, उद्योग, कृषि,

४. योजनाहरुको रकमान्तर वा योजनान्तर बारे ।

५. विविध